## सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**सन्धिखर्क, अर्घाखाँची प्रदेश नं. ५, नेपाल**

दोश्रो पटक प्रकाशित मिति २०७६/०७/१८

यस कार्यालयबाट आ.व २०७६/०७७ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (५९) बमोजिम यस नगरपालिकाबाट देहायका शिर्षकमा ठेक्का बन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहनेगरी ईच्छुक व्यक्ति, फर्म संघ सस्थाबाट गोप्य सिलबन्दी गरी वढावढको माध्यमबाट भाडामा लगाउने गरी निर्णय भए अनुसार शान्ति बगैचा स्थित सटर नं १ भाडामा लगाउने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएकोले तपसिलमा उल्लेखित शर्तनामा पूरा गर्ने गरी सरोकारवाला इच्छुक नेपाली नागरिकहरुको लागि यो सूचना आह्सवान गरिन्छ।

१. सिलवन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजश्वशाखा बाट रु १००० (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि , आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी ,करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्नेछ।
२. कवोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ।
३. सिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशत ले हुने रकम यस कार्यालयको रा.वा बैक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०३०३००७१०६ मा जम्मा गरेको सक्कलै भौचर संलग्न हुनुपर्नेछ।
४. यस कार्यालयको Web site प्रकाशित भएको मितिले ८ दिनको दिन १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्ने छ। सोही दिनको २ बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजको उपस्थितिमा दरभाउपत्र खोलिने छ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न बाधा पर्ने छैन।
५. दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिने छ।
६. कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
७. ठेक्का अवधि २०७७ आषाढ मसान्त सम्मको हुनेछ।
८. सम्झौताका शर्तहरु उल्लघंन भएमा कार्यालयले विचैमा पनि सम्झौता भंग गर्न सक्नेछ। यसरी सम्झौता भंग भएमा सो अवधि सम्मको बुझाउनुपर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन। सबै रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ।
९. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुने छ।
१०. सम्झौता बमोजिमको रकम प्रत्येक महिनाको ५ गते भित्र यस कार्यालयमा दाखिला गर्नु पर्ने छ। सो अवधिमा सम्झौता गरेको रकम नवुझाएमा प्रति दिन रु १ प्रतिशतका दररले हर्जना लिई असुल उपर गरिने छ।
११. ठेक्का सम्बन्धि अन्य शर्तहरु दरभाउपत्रसाथ उपलब्ध गराईनेछ। अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।
१२. वोलबढाव गर्दा एउटै सटरको भाडा दर २ वा दुई भन्दा बढी व्यक्ति/फर्मको दररेट बरावर हुन गएमा गोलाप्रथा बाट छनौट गरिने छ।
१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
१४. वोलबढाव गर्दा एउटै सटरको भाडा दर २ वा दुई भन्दा बढी व्यक्ति/फर्मको दररेट बरावर हुन गएमा गोलाप्रथा बाट छनौट गरिने छ।

| ठेक्का नं | कामको विवरण | न्यूनतम अंक मासिक प्रति सटर भाडा दर रु | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ८ -०७६-०७७ | शान्ति बगैचा सटर नं १ | १५०००। | १००० | |

प्रमुख प्रशासकीय अधिकृत

☎०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np